सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्व)
५नं. प्रदेश, नेपाल

पत्र संख्या २०७७।०७८
सूचना नं. ६१

मिति:२०७७।०६।०६

**घटना दर्ता किताब डिजिटाइजेशन तथा स्क्यानिङ्ग (Digitization and Scanning) गर्नका लागि परामर्श सेवा खरिद सम्बन्धि सूचना ।**

**प्रथम पटक प्रकाशित मितिः २०७७।०६।०६**

आ.व. ०७७/०७८ को यस गाउँपालिकाको लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्ध विच्छेद दर्ता) अभिलेख किताबलाई डिजिटाइजेशन, स्क्यानिङ्ग, अपलोडिङ्ग र डाटा इन्ट्री (Digitization, Scanning, Uploading and Data Entry) कार्यको लागि परामर्श सेवा खरिद गर्नुपर्ने भएकोले इच्छुक फर्म वा संस्था वा कम्पनीहरुले सूचना प्रकाशन भएको मितिले १४ दिन भित्र देहायका कागजात सहित आर्थिक प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक कागजातहरु:**

- फर्म वा संस्था वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
- आ.व. ०७६/०७७ को कर चुक्ताको प्रतिलिपि
- आवश्यक न्यूनतम जनशक्ति र सम्बन्धित क्षेत्रमा कार्य गरेको अनुभव
- आवश्यक उपकरणको विवरण
- डिजिटाइजेशन, स्क्यानिङ्ग, अपलोडिङ्ग र डाटा इन्ट्री (Digitization, Scanning, Uploading and Data Entry) कार्यविवरण [ToR] एवं फाराम राजस्व शाखामा रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ।

**नोटः थप जानकारीका लागि सिस्ने गाउँ कार्यपालिका कार्यालयको पञ्जिकरण सेवा इकाई वा सूचना प्रविधि शाखामा जानकारी लिन सक्नुहुनेछ।**

चिन्तामणि दाहाल
नि. प्रमुख प्रशासकीय अधिकृत

वेबसाईट: www.sisnemun.gov.np, ईमेल: sisnermun@gmail.com, फोन नं.: ०८८-४१३०६४